बैठक संख्या : १४६/२

आज मिति २०८३/०२/२८ गते विहिवारका दिन बिहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपसिल बमोजिमका पदाधिकारी र सद्रस्यहरूको उपस्थितिमा बैठक बस्यो ।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उप प्रमुख | |
| ३ | श्री मणी बहादुर पुलामी मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री धन माया राई | नि. सचिव | |

प्रस्तावहरू

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. नीति तथा कार्यक्रम छलफल सम्बन्धमा ।

३. कार्यसूची सम्बन्धमा ।

४. धरौटी सम्बन्धमा ।

५. लागत साझेदारी सम्बन्धमा ।

६. आ.व. २०८३/८४ को आय व्ययको अनुमान, आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रम, आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ को मस्यौदा पेस सम्बन्धमा ।

७. विविध ।

क. सरकारी जग्गा उपयोग सम्बन्धी सिफारिस सम्बन्धमा ।

ख. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

ग. विपद् व्यवस्थापन कोष संचालन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

घ. राहत उपलब्ध गराउने सम्बन्धमा ।

ङ. सम्झौता गरी कार्य अगाडी बढाउने सम्बन्धमा ।

च. विद्यालयलाई ICT सामाग्री वितरण सम्बन्धमा ।

छ. योजना म्याद थप सम्बन्धमा ।

निर्णयहरू

निर्णय नं. १. मिति २०८३/०२/१० गते बसेको १४५औं कार्यपालिका बैठकले गरेका निर्णयहरूको समीक्षा गर्दा देहाय बमोजिम निर्णय कार्यान्वयनको अवस्था रहेको पाइयो ।

देहाय

| क.स. | निर्णय नं. | प्रस्ताव | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | २ | आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा । | भएको | |
| २ | ३ | नगर शिक्षा योजना सम्बन्धमा । | भएको | |
| ३ | ४ | संस्था दर्ता सम्बन्धमा । | भएको | |
| ४ | ५ | सहकारी संस्थाहरुको पुनर्लिखित विनियम सम्बन्धमा । | भएको | |
| ५ | ६ | आर्थिक विधेयक सम्बन्धमा । | भएको | |
| ६ | ७ | आय ठेक्का सम्बन्धमा । | सूचना प्रकासन भएको | |
| ७ | ८ | आन्तरिक आय प्रक्षेपण सम्बन्धमा | भएको | |
| ८ | विविध | | | |
| | क | तह वृद्धि सम्बन्धमा । | भएको | |
| | ख | बिदा सम्बन्धमा । | भएको | |
| | ग | आर्थिक सहायता सम्बन्धमा । | भएको | |
| | घ | योजनाको म्याद थप सम्बन्धमा । | प्रकृयामा रहेको | |
| | ङ | नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा । | भएको | |
| | च | इलाका प्रहरी कार्यालय स्तरोन्नती सम्बन्धमा । | सिफारिस गरिएको | |
| | छ | जीवित संग्राहलय होमस्टे विस्तार साझेंदारी ६० प्रतिशत अनुदान पुँजीगत सम्बन्धमा । | प्रकृयामा रहेको | |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| २ | नीति तथा कार्यक्रम छलफल सम्बन्धमा। | बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी मिति २०८३ जेष्ठ २९ गते हुने नगर सभा अधिवेशनमा प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ३ | कार्यसूची सम्बन्धमा। | बेलबारी नगरपालिकाको मिति २०८३/०२/२९ गते आह्वान गरिएको नगर सभाको १९औं अधिवेशनको पहिलो बैठकको कार्यसूची अनुसूची–१ बमोजिम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ४ | धरौटी सम्बन्धमा । | राम जांनकी मन्दिरलाई कुत बापतको धरौटी रकम मनसरी खवासको नामबाट धरौटीमा जम्मा भएको रकम रामजानकी मन्दिरबाट माग भई आएको हुँदा दुवै पक्षसँग छलफल गर्न तथा कानुनी परामर्श समेत गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ५ | लागत साझेदारी सम्बन्धमा । | बेलबारी नगरपालिकाको योजना शीर्षक नं. ३३९ को तिमिल्सिना समाज अधुरो भवन व्यवस्थापन गर्नका लागि प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त भई उक्त समाजले लागत साझेदारी रकम रू ८३,२००/- अक्षरेपि त्रियासी हजार दुई सय मात्र लागत साझेदारी गरी रकम रू ४,३३,१७०।८४ अक्षरेपि चार लाख तेत्तिस हजार एक सय सत्तरी रूपैया चौरासी पैसा मात्र मा कार्य सम्पन्न गर्ने गरी मिति २०८३-०१-२१ गते सम्झौता गरिएको । योजना कार्यान्वयन गर्ने सिलसिलामा सृजना सामुदायिक वन उपभोक्ता समूह र सब डिभिजन वन कार्यलय बेलबारीबाट वन क्षेत्रमा कुनै पनि निर्माण कार्य गर्न नपाइने भनी निर्माण कार्य रोक्न लगाएको साथै उक्त कार्य गर्न नसकिने र लागत साझेदारी बापतको रकम फिर्ता गरिदिनका लागि तिमिल्सिना समाज नेपाल जिल्ला कार्य समिति, मोरङबाट मिति २०८३/०२/२० गते पत्र प्राप्त भएको हुँदा उक्त लागत साझेदारीको रकम फिर्ता गर्ने सर्वसम्मत निर्णय गरियो । |

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>६</td><td>आ.व. २०८३/८४ को आय व्ययको अनुमान, आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रम, आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ को मस्यौदा पेस सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाको नगर कार्यपालिकामा पेश हुन आएका आर्थिक वर्ष २०८३/०८४ को आय—व्ययको अनुमान, बजेट तथा कार्यक्रम, आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ का मस्यौदाहरू उपर थप अध्ययन तथा छलफल आवश्यक देखिएकोले उक्त विषयहरूलाई आगामी बैठकमा पुनः प्रस्तुत गरी विस्तृत छलफल गर्ने सर्वसम्मत निर्णय गरियो।</td></tr>
<tr><td>७</td><td>विविध</td><td></td></tr>
<tr><td>क</td><td>सरकारी जग्गा उपयोग सम्बन्धी सिफारिस सम्बन्धमा।</td><td>बेलबारी नगरपालिका र सामुदायिक सर्पदंश उपचार समाज, बेलबारी, मोरङले साझेदारीमा बेलबारी नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्दै आएको सर्पदंश उपचार सेवाको सार्वजनिक महत्व, विगतदेखि निरन्तर सेवा प्रवाह गरेको अवस्था तथा संस्थाले भोगचलन गर्दै आएको सरकारी जग्गामा (Plus Code: MC5J+5VM, क्षेत्रफल ०-९-०) सुविधा सम्पन्न भवन निर्माण गरी सेवा विस्तार गर्न आवश्यक भएको व्यहोरा समेतलाई दृष्टिगत गरी, "सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९" को दफा ४ बमोजिम उक्त संस्थाले हाल भोगचलन गर्दै आएको सरकारी जग्गा बेलबारी नगरपालिकालाई उक्त सामुदायिक सर्पदंश उपचार समाजलाई दीर्घकालीन रुपमा सञ्चालन तथा विस्तार गर्न आवश्यक भएको हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४ बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>ख</td><td>नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।</td><td>मिति २०८३/०१/१४ र मिति २०८३/०२/२२ गते बसेको नगर शिक्षा समितिको बैठकको अनूसुची २ बमोजिमका निर्णयहरु सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>ग</td><td>विपद् व्यवस्थापन कोष संचालन समितिको निर्णय अनुमोदन सम्बन्धमा।</td><td>बेलबारी नगरपालिका विपद् व्यवस्थापन कोष संचालन समितिको मिति २०८३/०१/१० र २०८३/०२/१२ को अनूसूची-३ बमोजिमको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।</td></tr>
<tr><td>घ</td><td>राहत उपलब्ध गराउने सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाको विपद व्यवस्थापन कोष संचालन समितिको मिति २०८३/०१/१० को सिफारिस अनुरूप तपसिल बमोजिम राहत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।<br><u>तपसिल</u>
<table>
<tr><th>सि.नं.</th><th>निवेदक नामथर</th><th>ठेगाना</th><th>विवरण</th><th>राहत रकम रू</th></tr>
<tr><td>१</td><td>दिल बहादुर लिम्बु</td><td>बेलबारी -८</td><td>जंगली हात्तीले आक्रमण गरी घाइते बनाएको (अन्दाजी क्षति रू ९८०१९)</td><td>२५,०००/-</td></tr>
<tr><td>२</td><td>सिता दर्जी तामाङ</td><td>बेलबारी-११</td><td>निजको श्रीमान (विष्णु कुमार तामाङ) लाई जंगली हात्तीले आक्रमण गरी मृत्यु भएको</td><td>५०,०००/-</td></tr>
</table></td></tr>
</table>

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>शन्देस राई</td><td>बेलबारी -१०</td><td>निवेदकका हजुरबुबा (बलानन्द लिम्बू) लाई जंगली हात्तीले आक्रमण गरी घाईते बनाएको (अन्दाजी क्षति रू ७१८२९.९९)</td><td>५०,०००/-</td></tr>
</table>
</td></tr>
<tr><td>ङ</td><td>सम्झौता गरी कार्य अगाडि बढाउने सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाबाट मिति २०८२/१२/२२ गते ठेक्का नं. BM/MOR/W/NCB-26-2082/83 र BM/MOR/W/NCB-26-2082/83 को सूचना प्रकाशन गरिएकोमा निर्माण व्यवसायीहरू छथर निर्माण सेवासँग सम्झौता गरी कार्यप्रकृया अगाडि बढाउने निर्णय गरियो ।</td></tr>
<tr><td>च</td><td>विद्यालयलाई ICT सामग्री वितरण सम्बन्धमा ।</td><td>आर्थिक वर्ष २०८२/०८३ का लागि सङ्घीय सरकारले उपलब्ध गराएको विषेश कार्यक्रम एकीकृत शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बेलबारी नगरपालिकाका देहाय बमोजिमका विद्यालयहरुलाई तपसिलको संख्यामा Interactive Panel Board उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।<br>देहाय
<table>
<tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>ठेगाना</th><th>सङ्ख्या</th></tr>
<tr><td>१</td><td>श्री धनपाल माध्यमिक विद्यालय</td><td>बेलबारी ५</td><td>३</td></tr>
<tr><td>२</td><td>श्री जनता माध्यमिक विद्यालय</td><td>बेलबारी ९</td><td>२</td></tr>
<tr><td>३</td><td>श्री लक्ष्मी माध्यमिक विद्यालय</td><td>बेलबारी ११</td><td>३</td></tr>
<tr><td>४</td><td>श्री धिरनाथ सम्फुल विश्वास माध्यमिक विद्यालय</td><td>बेलबारी १०</td><td>३</td></tr>
<tr><td>५</td><td>श्री भगवती माध्यमिक विद्यालय</td><td>बेलबारी ३</td><td>३</td></tr>
<tr><td>६</td><td>श्री जनता माध्यमिक विद्यालय</td><td>बेलबारी १</td><td>२</td></tr>
<tr><td>७</td><td>श्री कवीर माध्यमिक विद्यालय</td><td>बेलबारी २</td><td>१</td></tr>
<tr><td>८</td><td>श्री महेन्द्र माध्यमिक विद्यालय</td><td>बेलबारी १०</td><td>२</td></tr>
<tr><td>९</td><td>श्री जनता माध्यमिक विद्यालय</td><td>बेलबारी ८</td><td>२</td></tr>
<tr><td>१०</td><td>श्री कसेनी माध्यमिक विद्यालय</td><td>बेलबारी ४</td><td>२</td></tr>
<tr><td>११</td><td>श्री काली माध्यमिक विद्यालय</td><td>बेलबारी ९</td><td>२</td></tr>
<tr><td>१२</td><td>श्री वीरेन्द्र माध्यमिक विद्यालय</td><td>बेलबारी ६</td><td>२</td></tr>
</table>
</td></tr>
<tr><td>छ</td><td>योजनाको म्याद थप सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सम्झौता भएका देहाय बमोजिमको योजनाहरूको म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।
<table>
<tr><th>क्र.स.</th><th>योजनाको नाम</th><th>सम्झौता गर्ने पक्ष</th><th>कार्यसम्पन्न गर्नुपर्ने मिति</th><th>म्याद थप मिति</th><th>कैफियत</th></tr>
<tr><td>क</td><td>५० प्रतिशत अनुदानमा हे/साइलेस प्रवर्धन कार्यक्रम</td><td>श्री परिश्रमी सामाजिक उद्यमी महिला सहकारी संस्था लि.</td><td>२०८३-०२-२५</td><td>२०८३-०३-१५</td><td>मकै समयमा उत्पादन नभएको</td></tr>
<tr><td>ख</td><td>बेलबारी साहित्य विकास समिति कार्यक्रम</td><td>बेलबारी साहित्य विकास समिति</td><td>२०८३-०२-१५</td><td>२०८३-०३-१५</td><td></td></tr>
</table>
</td></tr>
</table>

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ग | सिसौली सामुदायिक भवनमा ट्रष्ट तथा जस्तापाता जडान | अमना सिसौली सामुदायिक वन उपभोक्ता समूह | २०८३-०२-३१ | २०८३-०३-१५ | |
| | | घ | सिसौली सौन्दर्यकरण | अमना सिसौली सामुदायिक वन उपभोक्ता समूह | २०८३-०२-३१ | २०८३-०३-१५ | |

अनुसूची १

मिति २०८३/०२/२८ गतेको कार्यपालिका बैठकको निर्णय २ संग सम्बन्धित

बेलबारी नगरपालिका

नगरसभा बैठक

कार्यसूची र समय तालिका

बैठक संख्याः १९औं

अध्यक्षताः नगर प्रमुख श्री दिल प्रसाद राई

बैठक स्थानः बेतना हल

मिति २०८३/०२/२९

| क्र.सं. | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| १ | दिउँसो १:०० देखि १:३० बजेसम्म | सभासदस्यहरुको नाम दर्ता | सचिवबाट | |
| २ | दिउँसो १:३० देखि बजे १:३५ सम्म | सभाध्यक्षको आगमन तथा राष्ट्रिय धुन | | |
| ३ | दिउँसो १:३६ देखि बजे १:३८ सम्म | सहिदहरुप्रति १ मिनेट मौनधारण | सभाध्यक्ष | |
| ४ | दिउँसो १:३९ बजे | नगर सभा बैठक शुरु भएको घोषणा | सभाध्यक्ष | |
| ५ | दिउँसो १:४० देखि २:१० सम्म | • आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सभामा पेस । | सभाध्यक्ष | |
| ६ | दिउँसो २:११ देखि २:२५ सम्म | • आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममा छलफल । | | |
| ७ | दिउँसो २:२५ देखि ३:०० सम्म | • आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफलमा उठेका विषयहरूमा उत्तर दिने | सभाध्यक्ष | |
| ८ | दिउँसो ३:०१ देखि बजे ३:०५ सम्म | • आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रंम निर्णयार्थ सभामा पेस गर्ने। | सभाध्यक्ष | |
| ९ | दिउँसो ३:०६ देखि बजे ३:१० सम्म | • सभाध्यक्षज्यू बाट धन्यवाद सहित स्थगन तथा अर्को बैठकको मिति घोषणा | सभाध्यक्ष | |

अनुसूची २

मिति २०८३/०२/२८ गतेको कार्यपालिका बैठकको निर्णय ६ विविध ख सँग सम्बन्धित

मिति २०८३/०१/१४ गते बसेको नगर शिक्षा समितिको बैठकको निर्णय

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा शिक्षक दरबन्दी मिलान कार्यदल, २०८३ को मिति २०८३/०१/०७ गतेको निर्णयानुसार तपसिलका मादण्ड निर्धारण गरी मिति २०८३/०१/१३ गतेको निर्णयानुसार बेलबारी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरु (बालविकास केन्द्रसहित) को हालको शिक्षक दरबन्दी, शैक्षिक सत्र, २०८२ को विद्यार्थी संख्या, विद्यालयको भौगोलिक दूरी र विषयगत आवश्यकतालाई हेरी निर्धारित मापदण्डका आधारमा रही शिक्षक दरबन्दी पुनर्वितरणका लागि सिफारिस गरेबमोजिम सो विवरणलाई पुनः छलफल गर्दा वितरण कार्य उपयुक्त नै देखिएकाले नगर कार्यपालिकामा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल:-

| कक्षा | अवस्था | न्यूनतम दरबन्दी | कैफियत |
|---|---|---|---|
| बाल विकास | प्रति विद्यालय न्यूनतम १ | १ जना | |
| | प्रति २० विद्यार्थी बराबर थप १ | | |

आधारभूत तह ( कक्षा १-३)

| कक्षा | अवस्था | न्यूनतम दरबन्दी | कैफियत |
|---|---|---|---|
| १-३ सम्म | २० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | १ जना | |
| | ५० वा सो भन्दा कम विद्यार्थी संख्या भएमा | २ जना | |
| | ५० भन्दा बढी विद्यार्थी संख्या भएमा | ३ जना | |

आधारभूत तह (कक्षा १-५)

| कक्षा | अवस्था | न्यूनतम दरबन्दी | कैफियत |
|---|---|---|---|
| १-५ | ३० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | २ जना | |
| | ८० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ३ जना | |
| | १२५ वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ४ जना | |
| | १४५ वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ५ जना | |
| | १९५ वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ६ जना | |
| | २१५ वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ७ जना | |
| | २६५ वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ८ जना | |
| | २८५ वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ९ जना | |
| | ३३५ वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | १० जना | |

आधारभूत तह (कक्षा ६-८)

| कक्षा | अवस्था | न्यूनतम दरबन्दी | कैफियत |
|---|---|---|---|
| ६-८ | ५० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ३ जना | |
| | ७१ वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ४ जना | |
| | १२० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ५ जना | |
| | १४० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ६ जना | |
| | १९० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ७ जना | |
| | २१० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ८ जना | |
| | २६० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ९ जना | |
| | २८० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | १० जना | |
| | ३३० वा सोभन्दा कम विद्यार्थी संख्या भएमा | ११ जना | |

माध्यमिक तह (कक्षा ९-१२)

| कक्षा | अवस्था | न्यूनतम दरबन्दी | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ९-१० | माध्यमिक तह कक्षा १० सम्म मात्र सञ्चालन भएका | ४ जना | |
| ९-१० | माध्यमिक तह कक्षा १२ सम्म मात्र सञ्चालन भएका | ५ जना | |
| ११-१२ | माध्यमिक तह कक्षा ११-१२ सम्म मात्र सञ्चालन भएका | १ जना | |

दरबन्दी वितरण गर्दा कुनैपनि विद्यालयको तल्लो तहमा बढी भएको र माथिल्लो तहमा नपुग भएको अवस्थामा न्यूनतम दरबन्दी सुनिश्चित गरी पुलमा रहेका दरबन्दीलाई सोही विद्यालयको माथिल्लो तहमा समायोजन गर्ने । माथिल्लो तहमा मिलान भई बचत भएको दरबन्दीलाई नगरपालिकाको खुद पुल दरबन्दीमा राख्ने । दरबन्दी पुनर्वितरण गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, साविक उच्च माध्यमिक, राहत तथा संघीय शिक्षण सहयोग अनुदान समेतलाई गणना गर्ने । दरबन्दी पुनर्वितरण गर्दा समानता तथा समानुपातिक वितरणको सिद्धान्तलाई समेत अबलम्बन गर्ने । स्रोत कक्षा र प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुलाई स्वीकृत भएका सबै दरबन्दी कायम गर्ने ।

तपसिल:

| क्र. सं. | शिक्षकको नाम | तह/श्रेणी | हाल कार्यरत विद्यालय | पदस्थापन हुने विद्यालय | विवरण/स्थान |
|---|---|---|---|---|---|
| १ | रेणुका राई | निमाशि राहत | जनता मावि, बेलबारी ८ | भगवती मावि, बेलबारी ३ | दरबन्दी सहित, भगवती माविको निमा अङ्ग्रेजी रिक्त दरबन्दी जनता मावि बेलबारी ८ मा मिलान हुनेगरी |
| २ | समीक्षा बानियाँ | प्राशि तृतीय | जनता मावि, बेलबारी ८ | कवीर मावि, बेलबारी २ | प्राशि रिक्तमा |
| ३ | अस्मिता पौडेल | प्राशि राहत | जनता मावि, बेलबारी ८ | जनता आवि, बेलबारी ५ | दरबन्दी सहित, |
| ४ | जानुका सापकोटा | प्राशि राहत | जनता आवि, बेलबरी ५ | महेन्द्र आवि, बेलबारी ५ | दरबन्दी सहित, |
| ५ | भगवती न्यौपाने | प्राशि तृतीय | रामजानकी आवि, बेलबारी ७ | पञ्चायत आवि, बेलबारी ४ | दरबन्दी सहित, |
| ६ | प्रमिला ढकाल | प्राशि तृतीय | पञ्चायत आवि, बेलबारी ४ | जनता मावि, बेलबारी ८ | दरबन्दी सहित |
| ७ | खेमबहादुर पराजुली | प्राशि तृतीय | शहीदस्मृति आवि, बेलबारी १ | जनता मावि, बेलबारी ९ | केशव खड्काको स्थानमा |
| ८ | केशव खड्का | प्राशि तृतीय | जनता मावि, बेलबारी ९ | कवीर मावि, बेलबारी २ | जननिर्माणबाट काटिएर मिलानमा थप भएको प्राशि रिक्तमा |
| ९ | अमृता तामाङ | प्राशि तृतीय करार | देवकोटा आवि, बेलबारी ७ | महेन्द्र मावि, बेलबारी १० | नित्यानन्द फुयाँल अवकाश भई रिक्त रहेको दरबन्दीमा |
| १० | लोक बहादुर बस्नेत | प्राशि द्वितीय | जननिर्माण आवि, बेलबारी ५ | धनपाल मावि, बेलबारी ५ | दरबन्दी सहित |
| ११ | विकल्प राई | प्राशि तृतीय | कसेनी मावि, बेलबारी ४ | कवीर मावि, बेलबारी २ | दरबन्दी सहित |
| १२ | भरत कुमार कार्की | प्राशि तृतीय | महेन्द्र आवि, बेलबारी ६ | जनता मावि, बेलबारी ९ | दरबन्दी सहित |
| १३ | जगेन्द्र सापकोटा | माशि द्वितीय कक्षा ११/१२ | भगवती मावि, बेलबारी ३ | धनपाल मावि, बेलबारी ५ | प्रभुराम आचार्यको स्थानमा विषयगत मिलानमा |
| १४ | प्रभुराम आचार्य | माशि द्वितीय कक्षा ११/१२ | धनपाल मावि, बेलबारी ५ | भगवती मावि, बेलबारी ३ | जगेन्द्र सापकोटाको स्थानमा विषयगत मिलानमा |
| १५ | माधव प्रसाद पोखेल | निमाशि राहत, नेपाली | महेन्द्र मावि, बेलबारी १० | जनता मावि, बेलबारी ८ | भगवती माविको रिक्त निमाशि अङ्ग्रेजीलाई महेन्द्र मावि बेलबारी १० मा, भगवती माविमा जनता |

| क. सं. | शिक्षकको नाम | तह/श्रेणी | हाल कार्यरत विद्यालय | पदस्थापन हुने विद्यालय | विवरण/स्थान |
|---|---|---|---|---|---|
| | | | | | मावि बेलबारी ८ बाट रेणुका राईलाई पदस्थापन गरी जनता मावि बेलबारी ८ मा रिक्त हुने निमाशि खालीमा विषयगत मिलान गरी पदस्थापन गरिएको |
| १६ | विमला चापागांइ | प्रा वि तृतीय | धनपाल मावि, बेलबारी ५ | भगवती मावि, बेलबारी ३ | दरबन्दी सहित |
| १७ | सरिता अधिकारी | बाल सका | सुकुना आ वि बेलबारी ८ | एकता आ वि बेलबारी १० | दरबन्दी सहित |
| १८ | विन्दा कुमारी राई | बाल सका | एकता आ वि बेलबारी १० | पञ्चायत आ वि बेलबारी ४ | दरबन्दी सहित |
| १९ | कल्पना पोखेल | बाल सका | पञ्चज्योती आ वि बेलबारी ४ | धनपाल मावि, बेलबारी ५ | दरबन्दी सहित |
| २० | सितल धिमाल | बाल सका | महेन्द्र मा वि बेलबारी १० | ज्ञानोपार्जन आवि बेलबारी ९ | दरबन्दी सहित |
| २१ | हरिओम कुमारी चौधरी | बाल सका | पञ्चायत आवि, बेलबारी ४ | दिपज्योती आ वि बेलबारी ९ | दरबन्दी सहित |
| २२ | सन्ध्या राजवंशी | बाल सका | सुकुना आ वि बेलबारी ८ | कसेनी मावि बेलबारी ४ | दरबन्दी सहित |
| २३ | सरस्वती धिमाव | बाल सका | ज्ञानोपार्जन आ वि बेलबारी ९ | पञ्चायत आवि, बेलबारी ४ | दरबन्दी सहित |
| २४ | अमिता देवी राई | बाल सका | कसेनी मावि, बेलबारी ४ | सिंहदेवी आ वि बेलबारी ४ | दरबन्दी सहित |
| २५ | हिरा गिरी | बाल सका | किसान आवि बेलबारी ७ | जनता मावि बेलबारी ८ | दरबन्दी सहित |
| २६ | मिरावती चौधरी | बाल सका | जनता मावि बेलबारी ८ | एकता आ वि बेलबारी १० | दरबन्दी सहित |
| २७ | प्रनिसा धिमाल | बाल सका | एकता आ वि बेलबारी १० | पञ्चज्योती आवि बेलवारी ४ | दरबन्दी सहित |
| २८ | ममता धिमाल | बाल सका | जनता मावि बेलबारी ८ | सुकुना आवि बेलबारी ८ | दरबन्दी सहित |
| २९ | रिक्त दरबन्दी | प्राशि तृतीय | पञ्चज्योतिवाट काटिएको | जनता मावि बेलबारी ८ | रिक्त पदपूर्ति गर्नुपर्ने |
| ३० | रिक्त दरबन्दी | प्राशि तृतीय | | जनता मावि बेलबारी ८ | समीक्षा बानियाँ कवीर माविमा सरुवा भएकाले, रिक्त पदपूर्ति गर्नुपर्ने |
| ३१ | रिक्त दरबन्दी | निमाशि अङ्ग्रेजी | | महेन्द्र मावि, बेलबारी १० | भगवती माविको निमा अङ्ग्रेजी रिक्त दरबन्दी रेणुका राई जनता ८ बाट सरुवा भई माधव पोखेलसँग बिषयगत मिलान गर्दा खाली रहेको रिक्तमा पदपूर्ति गर्नुपर्ने |

| क. सं. | शिक्षकको नाम | तह/श्रेणी | हाल कार्यरत विद्यालय | पदस्थापन हुने विद्यालय | विवरण/स्थान |
|---|---|---|---|---|---|
| ३२ | रिक्त दरबन्दी | प्राशि तृतीय | | धीरनाथ सन्फुल विश्वास मावि, बेलबारी १० | दरबन्दी मिलानमा दीपज्योति आविको रिक्त दरबन्दीमा लोकबहादुर बस्नेतलाई पदस्थापन गरी लोकबहादुर बस्नेतको दरबन्दी जननिर्माण आवि, बेलबारी ५ बाट कटौति भएको |
| ३३ | रिक्त दरबन्दी | प्राशि तृतीय | | देवकोटा आवि बेलबारी ७ | अमृता तामाङ महेन्द्र मावि, बेलबारी १० मा नित्यानन्द फुयँलको रिक्त दरबन्दीमा सरुवा भई गएकाले पदपूर्ति गर्नुपर्ने |
| ३४ | रिक्त दरबन्दी | प्राशि तृतीय | | शहीद स्मृति आवि, बेलबारी २ | खेम बहादुर पराजुली जनता मावि, बेलबारी ९ मा दरबन्दी विषयगत मिलानमा सरुवा भई रिक्त रहेको पदपूर्ति गर्नुपर्ने |

प्रताव नं. २: माथि छलफल गर्दा बेलबारी नगरपालिकाको शिक्षा समितिलाई पूर्णता दिन शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ दोस्रो संशोधनको परिच्छेद ४ दफा २५ को उपदफा १घ, ङ,च,ज,झ र ञ मा उल्लेखित प्रावधानअनुसार तपसिलबमोजिमका व्यक्तिहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

तपसिलः-

उपदफा १ (घ) बमोजिम सामुदायिक विद्यालयका प्र.अ.हरु मध्येबाट १ जना —श्री तुलसप्रसाद विश्वकर्मा, - जनता मा.वि.बेलबारी- ९

उपदफा १ (ङ) बमोजिम व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट १ जना- श्री गोविन्द भण्डारी,- लक्ष्मी मा.वि. बेलबारी- ११

उपदफा १ (च) बमोजिम संस्थागत विद्यालयका प्रतिनिधिहरु मध्येबाट १ जना → श्री जगत बस्नेत, बेलबारी ११

उपदफा १ (ज) बमोजिम शिक्षा क्षेत्रमा योगदान पुर्याएका दलित तथा सिमान्तकृत समुदायबाट १ जना श्री सरस्वती पाचकोटी दर्जी, बेलबारी २

उपदफा १ (झ) बमोजिम अपाङ्गता सम्बन्धी शिक्षण संस्था तथा अपाङ्गता सम्बन्धी काम गर्ने संस्थाबाट श्री उयद बहादुर राई, बेलबारी ६

उपदफा १ (ञ) बमोजिम स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट ४ जना महिलासहित ५ जना-

क. श्री चम्पादेवी खवास बेलबारी ५

ख. श्री सर्मीला लुङगेली मगर बेलबारी १

ग. श्री बिमला सुवेदि बेलबारी ८

घ. श्री तिलकुमारी न्यौपाने —बेलबारी -३

ङ. श्री भुपाल बस्नेत, बेलबारी २

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शिक्षक दरबन्दी मिलान कार्यदल, २०८३ का सदस्यहरुलाई कार्यसम्पन्न प्रतिवेदन पेस गरी कार्य जिम्मेवारी पूरा गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**मिति २०८३/०२/२२ गते बसेको नगर शिक्षा समितिको निर्णय**

**निर्णय नं. १**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा **संस्थागत विद्यालय शुल्क निर्धारण निर्देशिका, २०७२ को बुँदा नं. ६ शुल्क शीर्षकको सीमाङ्कन** शीर्षकको अन्तर्गतको **मापदण्ड**अनुसार शैक्षिक सत्र, २०८३ देखि लागू हुने गरी विद्यालयहरूबाट प्रदान गर्ने सेवासुविधाहरूको परिधि भित्र रही तथा विद्यालय वर्गीकरण विवरण, २०८० लाई आधार मानी तपसिलमा उल्लेखित शीर्षकहरूमा शुल्क निर्धारण समिति, २०८० ले निर्धारण गरेको शुल्क दरमा ३५ प्रतिशतले वृद्दि गरी शुल्क कायम गरी लागू गर्न शुल्क निर्धारण समितिले सिफारिस गरे बमोजिम तपसिलअनुसार हुन यस बैठकबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल:-**

| **प्रवेशको अवस्थामा "ग" वर्ग** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **तह तथा कक्षा** | | **मासिक पढाई शुल्क** | **वार्षिक शुल्क (खेलकुद, प्रयोगशाला, पुस्तकालय, मर्मत सम्भार, प्राथमिक उपचार))** | **भर्ना शुल्क** | **परीक्षा** | **कम्प्युटर शुल्क** | **स्थानान्तरण प्रमाण पत्र** | **विशेष प्रशिक्षण (जुडो, मार्शल आर्ट, पौडी, गायन, नृत्य आदि प्रति इभेन्(** | **परिवहन शुल्क** | **धरौटी** |
| पूर्व प्राथमिक | प्ले ग्रुप | २७०० | कुल दुई महिनाको पढाई शुल्क बराबरको रकममा नबढ्ने गरी वार्षिक शुल्क । | विद्यालयमा पहिलो पटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाइ शुल्कमा नबढ्ने गरी । | प्रत्येक कक्षाको लागि स्वीकृत मासिक पढाइ शुल्कको ५० प्रतिशतमा नबढाइ वार्षिक वा किस्तामा । | यो सेवा उपलब्ध गराउन विद्यालयमा २ विद्यार्थी बराबर १ कम्प्युटरको व्यवस्था भएमा मासिक रुपमा अधिकतम रु. ७०० नबढ्ने गरी ) विद्यार्थीको कक्षा स्तरलाई ध्यान दिईनुपर्ने । | कुल एक महिनाको पढाई शुल्क बराबरको रकममा नबढ्ने गरी । | विद्यालयले सेवा उपलब्ध गराए बापत प्रति इभेन्ट मासिक अधिकतम रु ७०० मा नबढ्ने गरी (इभेन्टमा सहभागी विद्यार्थीको हकमा मात्र( | न्यूनतम ७०० र प्रति किमि रु ५० का दरले थप हुँदै जान सक्ने | एक महिनाको पढाइ शुल्क बराबर लिन सकिने |
| | नर्सरी | २८३५ | | | | | | | | |
| | एल केजी | २९७० | | | | | | | | |
| | युकेजी | ३१०५ | | | | | | | | |
| आधारभूत कक्षा १-५ | कक्षा १ | ३३०८ | | | | | | | | |
| | कक्षा २ | ३४४३ | | | | | | | | |
| | कक्षा ३ | ३५७८ | | | | | | | | |
| | कक्षा ४ | ३७१३ | | | | | | | | |
| | कक्षा ५ | ३८४८ | | | | | | | | |
| आधारभूत कक्षा १-८ | कक्षा ६ | ४४५५ | | | | | | | | |
| | कक्षा ७ | ४५९० | | | | | | | | |
| | कक्षा ८ | ४७२५ | | | | | | | | |
| माध्यमिक ९-१० | कक्षा ९ | ५२६५ | | | | | | | | |
| | कक्षा १० | ५४०० | | | | | | | | |
| माध्यमिक ११- १२ व्यवस्थापन | कक्षा ११ | ५४०० | | | | | | | | |
| | कक्षा १२ | ६०७५ | | | | | | | | |
| माध्यमिक ११-१२विज्ञान | कक्षा ११ | ५८०५ | | | | | | | | |
| | कक्षा १२ | ६३४५ | | | | | | | | |
| माध्यमिक ११-१२ होटल म्यानेजमेन्ट | कक्षा ११ | ५४०० | | | | | | | | |
| | कक्षा १२ | ६०७५ | | | | | | | | |

अपेक्षित सुविधायुक्त **"ख"** श्रेणीका र विशेष सुविधायुक्त **"क"** श्रेणीका विद्यालयहरुले देहाय बमोजिमका थप सुविधाका निम्ति खर्च जोडेर शुल्क हिसाब गर्न पाउने ।साथै "घ" वर्गका विद्यालयहरुले माथि उल्लेखित भन्दा २५% ले कम हुन आउने रकम शुल्क मात्र लिन मिल्ने ।

| सि.नं. | विवरण | अपेक्षित सुविधा (प्रतिशतमा) | विशेष सुविधा (प्रतिशतमा) |
|---|---|---|---|
| क | शिक्षक कर्मचारी तलब तथा सुविधा | १५ | २५ |
| ख | खेलकूद तथा अतिरिक्त क्रियाकलाप | ५ | १० |
| ग | शैक्षिक सामग्री | ५ | १० |
| घ | भौतिक पूर्वाधार | १० | १५ |
| ङ | शैक्षिक उपलब्धि | १० | १० |
| च | छात्रवृत्ति | ५ | ७ |
| छ | संस्थागत विकास | १० | १० |
| | **माथि उल्लेखित सुविधा थप भए वापतको शुल्क दरमा थप गरिने शुल्क** | २५ | ५० |

**तपसिल:-**

संस्थागत विद्यालय वर्गीकरण विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना | अनुमति कक्षा | वर्गीकरण |
|---|---|---|---|---|
| १ | माइलस्टोन ई.स्कूल | बेलबारी १ | १-५ | ग |
| २ | सगरमाथा ई.स्कूल | बेलबारी १ | १-१२ | ख |
| ३ | आदर्श ई.स्कूल | बेलबारी १ | १-१० | ग |
| ४ | भानुमेमोरियल ई.स्कूल | बेलबारी १ | १-१० | ग |
| ५ | ग्लोबल ई.स्कुल | बेलबारी १ | १ | घ |
| ६ | जेभियर ई.स्कूल | बेलबारी २ | १-१० | घ |
| ७ | शिक्षासन्देश ई.स्कूल | बेलबारी २ | १-१२ | ख |
| ८ | मोरङ चिनारी ई.स्कूल | बेलबारी २ | १-८ | ग |
| ९ | गोदावरी विद्या मन्दिर | बेलबारी ३ | १-१२ | ग |
| १० | सरस्वती विद्या मन्दिर ई.स्कूल | बेलबारी ३ | १-५ | घ |
| ११ | अन्नपूर्ण ई.स्कूल | बेलबारी ३ | १-३ | घ |
| १२ | गुरुकुल शिक्षासदन | बेलबारी ३ | १-१० | क |
| १३ | डेल्टा ई.स्कूल | बेलबारी ४ | १-१० | ग |
| १४ | सेन्टर पोइन्ट ई.स्कूल | बेलबारी ४ | १-८ | ग |
| १५ | यलम्बर ई.स्कूल | बेलबारी ४ | १-१० | ग |
| १६ | कसेनी मोडल ई.स्कूल | बेलबारी ५ | १-१० | घ |
| १७ | प्रगति ई.स्कूल | बेलबारी ६ | १-१० | घ |
| १८ | हिमालय ई.स्कूल | बेलबारी ७ | १-१० | घ |
| १९ | ज्ञानोदय ई.स्कूल | बेलबारी ७ | १-१० | घ |
| २० | रणविर विद्यामन्दिर ई.स्कूल | बेलबारी ७ | १-८ | घ |
| २१ | सिंहदेवी एकेडेमी ई.स्कूल | बेलबारी ८ | १-१२ | ख |
| २२ | बाहुनी कलिजियट ई.स्कूल | बेलबारी ९ | १-२ | घ |
| २३ | डाँगिहाट लिटलबुद्ध ई.स्कूल | बेलबारी ९ | १-१० | ग |
| २४ | बालजगत ई.स्कूल | बेलबारी ९ | १-१० | ख |
| २५ | सनसाईनिङ स्टार ई.स्कूल | बेलबारी ९ | १-८ | ग |
| २६ | हिमालयन ई.स्कूल | बेलबारी ९ | १-८ | ग |
| २७ | ग्यालेक्सि ई.स्कूल | बेलबारी ९ | १ | घ |
| २८ | क्रिष्टल पब्लिक एकेडेमी | बेलबारी १० | १-१० | घ |
| २९ | अमर ई.स्कूल | बेलबारी १० | १-१० | ख |

| क.स. | विद्यालयको नाम | ठेगाना | अनुमति कक्षा | वर्गीकरण |
|---|---|---|---|---|
| ३० | ईष्टर्नभ्यू ई.स्कूल | बेलबारी १० | १-१० | ग |
| ३१ | मोरङ ज्ञानोदय ई.स्कूल | बेलबारी ११ | १-१० | ग |
| ३२ | माउण्ट एभरेष्ट ई.स्कूल | बेलबारी ११ | १-१० | क |
| ३३ | सिदार्थ मेमोरियल ई.स्कूल | बेलबारी ११ | १-१० | ग |

<u>निर्णय नं.२</u>

प्रस्ताव नं. २ शिक्षक सरुवा तथा पदस्थापन विषयका सम्बन्धमा छलफल गर्दा शिक्षक दरबन्दी मिलान कार्यदल, २०८२ को मिति २०८३/०१/१३ गतेको बैठक तथा नगर शिक्षा समितिको मिति २०८३/०१/१४ गतेको बैठकको निर्णयानुसार शिक्षक तथा बालविकास शिक्षकहरुको दरबन्दी मिलान तथा पुनर्वितरण गरी शिक्षक पदस्थापन कार्य सम्पन्न भइसकेको अवस्था भए तापनि निर्धारित मापदण्डअनुसार तथ्याङ्क यकिन गरी विद्यार्थी संख्या कम र शिक्षक दरबन्दी संख्या बढी भई नगरपालिकाको पुलमा रहेका दरबन्दीबाट अन्य विद्यालयहरुको आवश्यकता र मागलाई अध्ययन गरी शिक्षक सरुवा पदस्थापन गर्न मिल्ने व्यवस्थाको निर्णय गरी **शिक्षक दरबन्दी मिलान कार्यदल, २०८२** ले शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्यलाई अन्तिम रुप दिई नगर शिक्षा समितिमा पेस गरेको हुँदा हाललाई कार्य प्रक्रिया अगाडि बढाउन अति आवश्यक देखि तपसिलमा उल्लेखित विद्यालयहरुको मागलाई सम्बोधन गर्दै देहायअनुसार नगरपुलमा रहेको स्वीकृत दरबन्दी सहित शिक्षक सरुवा पदस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल :-</u>

| क.सं. | सरुवा पदस्थापन हुने शिक्षकको नाम | तह/श्रेणी | कार्यरत विद्यालय | सरुवा पदस्थापन गरिएको विद्यालय | पेश भएका विवरणहरु | माग निर्णय | कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री अमृता तामाङ्ग | प्रा.शि.तृतीय स्थायी | श्री महेन्द्र माध्यमिक विद्यालय, बेलबारी- १० | श्री सिंहदेवी आधारभूत विद्यालय, बेलबारी-२ | विद्यालयको पत्र र वि.व्य.स.को निर्णय | २०८२/०२/३१<br>२०८३/०२/१३ | ४ वटा मात्र शिक्षक दरबन्दी भएको तर ६ वटा कक्षा सञ्चालनमा रहेको | |
| २. | श्री गीता यादव | प्रा.शि.तृतीय करार | श्री वीरेन्द्र माध्यमिक विद्यालय, बेलबारी- ६ | श्री रणपाल आ.वि., बेलबारी-८ | विद्यालयको पत्र र वि.व्य.स.को निर्णय | २०८३/०२/२० | विद्यार्थी संख्यामा वृद्धी, शिक्षक श्री पदम विष्टको दुबै हातमा स्वास्थ्य समस्या देखा परी कक्षा सञ्चालन गर्न समस्या भएको | |

**निर्णय नं. ३:** प्रस्ताव नं. ३.१ विविध माथि छलफल गर्दा बेलबारी नगरपालिका भित्रका कक्षा ११ र १२ सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरुको वि.व्य.स. अध्यक्षहरु र प्र.अ.हरुको उपस्थितिमा मिति २०८३/०२/४ गतेका दिन नगर प्रमुख श्री दिलप्रसाद राई ज्यूको अध्यक्षतामा बसेको संयुक्त बैठकबाट पेस भएको तपसिलबमोजिमको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल:-**

कक्षा ११ र १२ सञ्चालन भइरहेको विद्यालयहरुलाई नि:शुल्क अध्ययन गराउने कार्यक्रम अनुसार गत शैक्षिक सत्र देखि कक्षा ११ नि:शुल्क अध्ययन गराउन ४ वटा विद्यालयहरु (धनपाल मा.वि., कसेनी मा.वि., काली मा.वि. र लक्ष्मी मा.वि.) लाई सञ्चालन अनुदान स्वरुप वार्षिक रु. ३०००००।—(तीन लाख रुपैया मात्र ।) उपलब्ध गराउँदै आएकोमा आ.व.२०८३/०८४ मा माथि उल्लेखित मा.वि. हरुलाई कक्षा १२ मा समेत नि:शुल्क गराउँदै बाँकी ४ वटा मा.वि.हरु (भगवती मा.वि.,जनता मा.वि. ८, जनता मा.वि. ९ र धीरनाथ सम्फुल विश्वास मा.वि.) लाई कक्षा ११ का लागि सञ्चालन अनुदान उपलब्ध गराउने र होटल मेनेजमेन्ट तथा विज्ञान विषयको लागि समेत विगतभन्दा बढी छात्रवृत्ति उपलब्ध गराउने र सोको व्यवस्थापन गर्न कार्यविधि समेत तयार गर्ने ।साथै कक्षा ११ र १२ सञ्चालन तथा व्यवस्थापन कार्य देहायअनुसार हुने निर्णय गरियो ।

क. कक्षा ११ र १२ मा विद्यार्थी संख्या ५० लाई आधार मानी वार्षिक तीन लाख संचालन अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

ख. विद्यार्थी संख्या ८० वा ८० भन्दा माथि पुगेमा घण्टीको आधारमा सञ्चालन अनुदान दिन अध्ययन गर्न नगर शिक्षा समिति सदस्य गोविन्द भण्डारी र स्रोतविज्ञ गुरुप्रसाद अधिकारीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

ग. अध्ययन समितिले विद्यार्थीहरु धेरै भएका विद्यालयहरु र होटल म्यानेजमेन्ट, प्राविधिक शिक्षा तथा विज्ञान विषय समेत अध्ययन गराउने विद्यालयहरु अध्ययन गराई प्रतिवेदन ७ दिन भित्र बुझाउन जिम्मेवारी दिने निर्णय गरियो ।

घ. भगवती मा.वि., जनता मा.वि. बेलबारी-८, जनता मा.वि. बेलबारी-९ र धीरनाथ सम्फूल विश्वास मा.वि., बेलबारी -१० मा अध्ययनरत कक्षा १२ का विद्यार्थीहरुलाई २०८२ मा कक्षा ११ मा प्रदान गरिएको छात्रवृत्ति अनुसार नै प्रदान गरिने निर्णय गरियो ।

**निर्णय नं. ४:** प्रस्ताव नं. ३.२ विविध माथि छलफल गर्दा बेलबारी नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक सत्र, २०८२ को कक्षा १० को एस.इ.इ.परीक्षामा 4 GPA प्राप्त गरी सफल हुने विद्यार्थीहरुलाई आगामी हुने नगरसभाबाट सम्मान गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

मिति २०८३/०१/१० गते बसेको बेलबारी नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन समितिको निर्णय

१. आगलागी र हावाहुरी लगायत अन्य प्रकोपबाट भएको क्षतिको राहत माग भएका निवेदन उपर तपसिल बमोजिम हुने गरी राहत उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | निवेदकको नाम थर | ठेगाना | क्षतिको विवरण | क्षतिको अ.मूल्यांकन (सम्बन्धित निकाय बाट प्राप्त) | नगरपालिकाबाट उपलब्ध गरिने राहत |
|---|---|---|---|---|---|
| १ | शर्मिला राई | बेलबारी-८ | परालको माच अकस्मात आगलागी भई पराल र काठ नस्ट भएको | ११००००.०० | १५०००.०० |
| २ | परी राई | बेलबारी-३ | घरमा चट्याङ लागी विद्युतीय सामाग्रीमा क्षति | - | २५०००.०० |
| ३ | देवी राई | बेलबारी-३ | घरमा चट्याङ लागी विद्युतीय सामाग्रीमा क्षति | - | २५०००.०० |
| ४ | सुन्दर शान्ति टोल विकास संस्था | बेलबारी-३ | टोल विकास अन्तर्गतका सडक बत्तीमा चट्याङ लागी विद्युतीय सामाग्रीमा क्षति | १६१९१७.७० | प्राविधिक बाट कार्यको मुल्यांकन गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने |
| ५ | राम देव उराव झगड | बेलबारी-२ | परालको माच अकस्मात आगलागी भई पराल नस्ट भएको | - | ५०००.०० |
| ६ | भागारु खाँ थारु | बेलबारी-५ | घरमा अकस्मात आगलागी भई घरमा रहेको लत्ता कपडा, खाद्यान्न, लगायत अन्य सामग्री नस्ट भएको | २००००००.०० | ३५०००.०० |
| ७ | बुद्ध लाल थन्दार | बेलबारी-५ | घरमा अकस्मात आगलागी भई घरमा रहेको लत्ता कपडा, खाद्यान्न, लगायत अन्य सामग्री नस्ट भएको | १००००००.०० | ३५०००.०० |
| ८ | सेम्बु चौधरी थारु | बेलबारी-७ | घरमा अकस्मात आगलागी भई घरमा रहेको लत्ता कपडा, खाद्यान्न, लगायत अन्य सामग्री नस्ट भएको | | २५०००.०० |
| ९ | होमनाथ दुलाल | बेलबारी-२ | गाई गोठमा आगलागी भई घरमा रहेको भुस, पराल, काठ लगायत अन्य सामग्री नस्ट भएको | १०८५००.०० | १५०००.०० |
| १० | टेक प्रसाद तामांग | बेलबारी-१ | घरमा अकस्मात आगलागी भई घरमा रहेको लत्ता कपडा, खाद्यान्न, लगायत अन्य सामग्री नस्ट भएको | | ३५०००.०० |
| ११ | अनिश कुमार चौधरी | बेलबारी-९ | बास परालले बनेको कटेजमा आगलागी भई नस्ट | | ३००००.०० |
| १२ | पुन्न प्रसाद घिमिरे | बेलबारी-४ | घरमा अकस्मात आगलागी भई घरमा रहेको लत्ता कपडा, खाद्यान्न, लगायत अन्य सामग्री नस्ट भएको | | ३५०००.०० |

२. जङ्गली हात्ती बाट नगरक्षेत्रका बाली क्षतिको प्राविधिक मुल्यांकन को २५ प्रतिशत (नम्बरी जग्गा हकमा) ३० प्रतिशत (ऐलानी जग्गाको हकमा) र घर तथा संरचनाको हकमा भने कार्यविधि वा समितिले तोके बमोजिम राहत प्रदान गर्ने निर्णय गरियो ।

**बेलबारी नगरपालिका को विभिन्न क्षेत्रमा जंगली हात्ती बाट पुर्याइएको क्षतिको विवरण**

| सि.नं. | नाम थर | ठेगाना | क्षतिको विवरण | क्षतिको मुल्यांकन (सम्बन्धित प्राविधिक बाट आएको) | नगरपालिका बाट उपलब्ध गरिने राहत |
|---|---|---|---|---|---|
| १ | शुक लाल लिम्बु | बेलबारी-१ | जङ्गली हात्तीले ३ कट्ठा जग्गामा लगाएको ६०० के जी धानमा क्षति पुर्याएको | २२५००.०० | ६०००.०० |
| २ | तुलसी राम धमाल | बेलबारी-२ | जङ्गली हात्तीले आक्रमण गरी गोठमा क्षति पुर्याएई खाद्यान्न नस्ट गरेको | १६२००.०० | ५०००.०० |
| ३ | किरात याक्थुङ चुम्लुङ | बेलबारी-३ | जङ्गली हात्तीले घेराबारा, जाली पोल कम्पाउण्डमा क्षति | १२१७९८.६६ | संघ संस्था सहायता कोष मार्फत योजना अगाडी बढाउने |
| ४ | पाशाङ तामाङ | बेलबारी-१ | जङ्गली हात्तीले आक्रमण गरी घाइते बनाएको | ८३७५.०० | ५०००.०० |
| ५ | दिलबहादुर लिम्बु | बेलबारी-८ | जङ्गली हात्तीले आक्रमण गरी घाइते बनाएको | ९८०१९.०० | राहतका लागि कार्यपालिकामा पेश गर्ने |
| ६ | भीमबहादुर धिमाल | बेलबारी-१ | जङ्गली हात्तीले आक्रमण गरी घरमा क्षति पुर्याएई खाद्यान्न नस्ट गरेको | - | १००००.०० |
| ७ | सिता दर्जी तामाङ | बेलबारी-११ | जङ्गली हात्तीले आक्रमण गरी निवेदकको श्रीमानको मृत्यु भएको | - | राहतका लागि कार्यपालिकामा पेश गर्ने |
| ८ | शन्देश राई | बेलबारी-१० | जङ्गली हात्तीले आक्रमण गरी निवेदकको हजुरबुबालाई घाइते बनाएको | ७१८२९.९९ | राहतका लागि कार्यपालिकामा पेश गर्ने |

**३) विविध :**

क) बेलबारी नगरपालिका वडा नं. ३ अन्तर्गत सुन्दरशान्ति टोल विकास संस्थामा पर्ने पारिजात मार्गको नालामा भू-प्राविधिक समस्याका कारण नाला भत्किएर विपद्को अवस्था सृजना भएकाले टोलविकासको मिति २०८२/१०/०६ को निवेदन माग र प्राविधिक लागत इस्टिमेट अनुसार नगर प्रमुखबाट सी.नं. ३४६ बाट रू २४५००० (रू दुई लाख पैतालिस हजार मात्र) मिति २०८२/१०/१४ मा विनियोजन भएको हुँदा सो विषय यस समितिबाट अनुमोदन गर्ने निर्णय गरियो ।